## १.संक्षिप्त नाम र प्रारम्भ

१.१. यो मापदण्डको नाम "प्राइभेट फर्म सम्वन्धी मापदण्ड, २०७१" रहेकोछ ।

१.२. यो मापदण्ड २०७१ साल भाद्र १ गते देखि लागु हुनेछ ।

## २. पृष्ठभूमि

खुला तथा उदार अर्थतन्त्र अवलम्बन गरेको मुलुकमा दैनिक उपभोग्य तथा अन्य आवश्यक वस्तुहरुको माग अनुरुप स्थानीय बजार वा बाह्य मुलुकबाट आयात गरी भण्डारण, ढुवानी तथा बिक्री वितरणमा निजी क्षेत्रको अग्रणी भूमिका रहन्छ । वजारलाई व्यवस्थित तुल्याउन र अभिलेख प्रणालीलाई अनुमानयोग्य तथा भरपर्दो बनाउन, राज्यले सेवाग्राहीको माग बमोजिम व्यापार व्यवसाय दर्ता, आवधिक नविकरण, संशोधन तथा खारेजी आदि प्रावधानको माध्यमबाट ब्यवसायलाई बैधता प्रदान गर्दछ । व्यापार व्यवसाय मुलतः मुनाफा आर्जन गर्ने उद्देश्यवाट सञ्चालन गरिने भएता पनि आफ्नो व्यापार व्यवसायलाई वैधानिकता दिन कुनै नामबाट आफ्नो व्यवसाय दर्ता गरी करको दायरा भित्र रहनुपर्ने हुनाले वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग वा यस विभागद्वारा अधिकार प्रत्यायोजन भई तोकेको अन्य सरकारी निकायमा ब्यवसायिक फर्म दर्ता गर्नु अनिवार्य हुन्छ ।

यस विभाग र विभागबाट तोकिएका कार्यालयहरुवाट व्यापार तथा व्यवसाय गर्ने उद्देश्यले मुलतः प्राइभेट फर्म, साझेदारी फर्म र एजेन्सी गरी तीन प्रकारका व्यवसायिक फर्महरु दर्ता हुने गर्दछ । यी व्यासायिक फर्महरु मध्ये प्राइभेट फर्मको उद्देश्य, कार्यक्षेत्र, प्रकृति र विविधता रही सोही वमोजिम पुंजी लगानीमा समेत विभिन्नता रहने गर्दछ । मुलुकभर प्राय सवै स्थानहरुमा स्थापना र संचालन हुने यस्ता फर्महरुको उपस्थिति पनि उल्लेख्य संख्यामा रहने भएको छ । त्यसकारण यस्ता व्यवसायिक फर्महरुको दर्ता, नविकरण, नामसारी, ठाउंसारी, उद्देश्यमा संशोधन, पुंजिवृद्धि र अनुगमन लगायतका नियमन कार्यहरुमा सरलता, सहजता प्रदान गर्न र फर्मको प्रकृति र कारोवार आकारका आधारमा नियमन कार्यमा एकरुपता कायम गराउन, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ तथा प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ (नवौं संशोधन,२०७०समेत)को नियम नं.४ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी यस "**प्राइभेट फर्म सम्वन्धी मापदण्ड, २०७१**" मिति २०७१।०५।०१ देखि कार्यान्वयनमा ल्याइएको छ ।

## ३. प्राइभेट फर्मको उद्देश्य

वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग तथा यस विभागद्वारा अधिकार प्रत्यायोजन भई तोकिएका नेपाल राज्यभरका सरकारी निकायहरुमा ईच्छुक व्यवसायीहरुले तोकिएवमोजिमको दस्तुर वुझाई नियमानुसार निम्न मध्ये कुनै एक उद्देश्य राखी प्राइभेट फर्म दर्ता गराउन सक्नेछन् । त्यसरी फर्म दर्ता गर्दा कारोवारको विवरण समेत खुलाउनु पर्नेछ ।

(क) स्थानीय व्यापार (थोक वा खुद्रा)

(ख) भारत आयात

(ग) भारत निर्यात

(घ) भारत आयात/निर्यात

(ङ) समुन्द्रपार आयात

(च) समुन्द्रपार निर्यात

(छ) समुन्द्रपार आयात/निर्यात

# ४. प्राइभेट फर्म सम्वन्धी मापदण्डको औचित्य

- प्राइभेट फर्म दर्ता तथा नियमन सम्वन्धी दैनिक कार्य संचालनमा सरलता कायम गराउन र फर्मको प्रकृति एवं कारोवार आकारका आधारमा नियमन गरी नेपाल सरकारलाई तिर्नु वुझाउनु पर्ने दस्तुरमा एकरुपता कायम गराउन ।
- फर्मको किसिम तथा प्रकृति अनुसार सम्वन्धित व्यवसायीलाई फर्मको उचित पूजी लगानी गर्ने कार्यमा सहयोग पुऱ्याई सही एवं पारदर्शी कारोवारको स्थिति कायम राख्ने कार्यमा प्रोत्साहन ।
- कानुन वमोजिक ब्यापार, ब्यवसाय दर्ता गरी संचालन गर्ने कार्यलाई प्रोत्साहित गर्न ।
- व्यापार व्यवसायको नियमन कार्यलाई प्रभावकारी तुल्याउन ।
- प्राइभेट फर्म रजिष्टेशन नियामावली, २०३४ (नवौं संशोधन, २०७०) द्वारा प्रदत्त अधिकारको प्रयोग तथा कर्तव्यको पालना गर्न, गराउन ।

# ५. प्राइभेट फर्म दर्ता

## ५.१. प्राइभेट फर्म दर्ता सम्वन्धी प्रावधान

प्राइभेट फर्म दर्ता गराउन चाहने व्यवसायीले प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ४ तथा प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली २०३४को नियम ३ वमोजिम आवश्यक कागजात सहित वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग वा वाणिज्य कार्यालय वा तोकिएको अन्य सरकारी निकायहरुमा तोकिएको ढांचामा दरखास्त दिनु पर्दछ । रितपूर्वक पर्न आएको दरखास्त उपर अख्तियार प्राप्त अधिकारीद्वारा जाँचबुझ भई त्यस्तो व्यवसायिक फर्म दर्ता गर्न उपयुक्त ठहरिएमा दर्ता किताबमा दर्ता गरी निर्धारित ढाँचाको प्रमाणपत्र प्रदान गरिनेछ ।

## ५.२. प्राइभेट फर्म दर्ताका लागि आवश्यक कागजातहरु

प्राइभेट फर्म दर्ता गर्दा निम्नानुसारको कागजातहरु पेश गर्नुपर्नेछ :

(क) निर्धारित ढाँचाको दरखास्त फाराम र कबुलियतनामा ।

(ख) नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपि एक प्रति ।
(सम्वन्धित कार्यालयवाट नेपाली नागरिकता प्रमाणपत्रको सक्कल प्रतिलिपि रुजु भएपछि तुरुन्त फिर्ता हुनेछ ।)

(ग) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति ।

(घ) मनी चेन्जर (विनिमय कारोवार) व्यवसाय दर्ताको लागि नेपाल राष्ट्र बैकको स्वीकृति पत्र ।

(ङ) औषधी व्यवसाय दर्ताको लागि औषधी व्यवस्था विभागको सिफारिस पत्र ।

(च) विषादीजन्य व्यवसाय दर्ताको लागि सम्बन्धित कृषि विकास कार्यालयको सिफारिस पत्र ।

# ६. प्राइभेट फर्म नवीकरण

## ६.१. प्राइभेट फर्म नविकरण सम्वन्धी प्रावधान

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ र प्राईभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ बमोजिम तोकिएको दस्तुर तिरी दर्ता भएका व्यवसायिक फर्महरु दर्ता भएको मितिले ५ वर्ष सम्मको लागि वहाल रहने छन् । उक्त म्याद समाप्त भएको मितिले ३५ दिनभित्र सम्वन्धित कार्यालयमा गई नविकरण गराई सक्नु पर्नेछ । उक्त अवधी भित्र फर्मको नविकरण नगराएमा तोकिए वमोजिमको थप जरिवाना समेत लाग्नेछ । प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ (नवौं संशोधन, २०७०) ले यस्तो नविकरण अवधी २ वर्षको हुने गरी व्यवस्था गरेको छ । जुनसुकै व्यवसायिक फर्मको दर्ता वा नविकरणको वहाल अवधी समाप्त भएपछि पुन: नविकरणको लागि ३५ दिनको अवधी रहनेछ । यस अवधी भित्र फर्म नविकरण गर्दा तोकिए बमोजिमको दस्तुर तिरी वुझाई आगामी दुई बर्ष अवधीको लागि नवीकरण हुनेछ । प्राइभेट फर्म रजिष्टेशन नियमावली, २०३४ (नवौं संशोधन, २०७०) प्रारम्भ हुदाको बखत प्राइभेट नवीकरण गराउन नसकेको प्राइभेटको फर्मको धनीले नवीकरण गराउन नसकेको कारण खुलाई २ बर्षभित्र नवीकरण गराउनको लागि दर्खास्त दिएमा र त्यस्तो दर्खास्त जाँचबुझ गर्दा मनासिव देखिएमा सम्वन्धित कार्यालयले प्रत्येक नवीकरण अवधीको लागि लाग्ने नवीकरण दस्तुरको तेव्वर दस्तुर र नवीकरण गराउन नसकेको रु २० लाखसम्म पूँजी भएको प्राइभेट फर्मले प्रत्येक वर्षका लागि रु २,५००।- का दरले र रु २० लाख भन्दा बढी पूँजी भएको प्राइभेट फर्मले प्रत्येक बर्षका लागि रु ५,०००।- दरले जरिवना तिरी त्यस्तो प्राइभेट फर्म नवीकरण गरी दिन सक्नेछ ।

## ६.२. प्राइभेट फर्म नवीकरणका लागि आवश्यक कागजातहरु

- नवीकरणका लागि तोकिएको ढांचाको निवेदन,
- फर्म दर्ताको सक्कल प्रमाण पत्र,
- अघिल्लो आ.व.को कर तिरेको निस्सा,
- ५० लाख वा सो भन्दा बढी पूंजी भएको फर्मको हकमा लेखा परीक्षण प्रतिवेदन ।

➢ आयकर ऐन, २०५८ मा आय विवरण बुझाउने म्याद (म्याद थप समेत) पुस मसान्तसम्म रहेको हुदा अघिल्लो आ.व भन्नाले पुस मसान्तसम्म नवीकरण गर्न आउनेको हकमा त्यसको अघिल्लो आ.व. र पुस मसान्तभन्दा पछि नवीकरण गर्न आउनेको हकमा लगत्तै सकिएको आ.व. सम्झनु पर्दछ । जस्तै आ.व २०७०।७१ को पुस मसान्तसम्म नवीकरण गर्न आउनेको हकमा आ.व.२०६८।६९ र पुस मसान्तभन्दा पछि नवीकरण गर्न आउनेको हकमा आ.व २०६९।७० लाई सम्झनु पर्दछ ।

## ७. प्राइभेट फर्मको व्यहोरा संशोधन, कारोवार थप र प्रतिलिपि

### ७.१. प्राइभेट फर्मको व्यहोरा संशोधन, कारोवार थप र प्रतिलिपिसम्वन्धी प्रावधान

(क) फर्मको नाम, ठेगाना, उद्देश्य, कारोवार परिवर्तन तथा शाखा/ पूँजी थपघट गर्न चाहेमा निवेदन दिई आवश्यक संशोधन गर्न सकिनेछ ।

(ख) कुनै कारणवश फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि लिनुपर्ने भए फर्म धनी सक्कल नागरिकता प्रमाणपत्र सहित स्वयं उपस्थित भई निवेदन दिनु पर्नेछ ।

(ग) मनिचेन्जर कारोवार भएको फर्ममा मनि ट्रान्सफर बाहेक अन्य कारोवार थप हुने छैन ।

### ७.२. प्राइभेट फर्मको व्यहोरा संशोधन, कारोवार थप र प्रतिलिपिका लागि आवश्यक कागजातहरु

- तोकिएको ढाँचाको निवेदन,
- फर्म दर्ताको सक्कल प्रमाण पत्र,
- अघिल्लो आ.व.को कर तिरेको निस्सा,
- प्रतिलिपि लिनका लागि निवेदन र सक्कल प्रमाण पत्र समेत लिई फर्म धनी स्वयं तीन प्रति फोटो समेत लिई उपस्थित हुनुपर्ने छ ।
- ५० लाख वा सो भन्दा बढी पूंजी भएको फर्मको हकमा लेखा परीक्षण प्रतिवेदन ।

## ८. प्राइभेट फर्मको नामसारी

### ८.१. प्राइभेट फर्मको नामसारी सम्वन्धी प्रावधान

- आफुले संचालन गरेको फर्म संचालन गर्न नसक्नाको कारण खुलाई अन्य व्यक्तिको नाममा नामसारी गर्न चाहेमा आवश्यक प्रक्रिया पूरा गरी नामसारी गर्न सकिनेछ ।
- फर्मको प्रोप्राइटरको मृत्यू भई फर्मको नामसारी गर्नु पर्ने भएमा उक्त फर्म धनीको शेषपछिको नजिकका अंशियारहरुले आपसी मन्जुरीको कागज, सक्कल नागरिकता, नाता प्रमाणपत्र, मृत्युदर्ता प्रमाणपत्र र अन्य आवश्यक काजगपत्र सहित दरखास्त दिएमा सम्वन्धित सवैको सनाखत गराई माग वमोजिम कार्यालयले नामसारी गरी दिन सकिनेछ । फर्मको नामसारीको लागि दरखास्त दिने अंशियारहरु वीच तेरोमेरो भई विवाद देखिएमा राष्ट्रियस्तरको दैनिक पत्रिकामा हकदावी सम्वन्धी ३५ दिने सूचना प्रकाशित गर्न लगाई कानुन वमोजिम आवश्यक कारवाई गरिनेछ ।

## ८.२. प्राइभेट फर्मको नामसारीका लागि आवश्यक कागजातहरु

(क) नामसारीको लागि दर्खास्त फारम

(ख) फर्मको सक्कल प्रमाणपत्र ।

(ग) आयकर प्रमाणपत्र (स्थायी लेखा नम्बर) को प्रतिलिपि ।

(घ) नामसारीका लागि फर्म लिने दिने दुवै व्यक्ति स्वयं उपस्थित हुनुपर्ने र लिनेको हालसालै खिचेको पासपोर्ट साइजको तीन प्रति फोटो तथा सक्कल नागरिकता ।

(ङ) अघिल्लो आ.व.को कर तिरेको निस्सा ।

# ९. प्राइभेट फर्मको खारेजी

## ९.१. प्राइभेट फर्म खारेजी सम्वन्धी प्रावधान

देहायको अवस्थामा विभाग वा विभागद्धारा अधिकार प्राप्त निकायले फर्म खारेजी गर्न सक्नेछ :

- तोकिएको अवधी भित्र नवीकरण नगराएमा ।
- प्राइभेट फर्मका धनीले मुनासिव कारण दर्शाइ आफ्नो फर्म खारेजी गरी पाउं भनी सम्वन्धित विभागमा निवेदन दिएमा ।
- एउटै व्यक्तिको नाममा एकभन्दा बढी वाणिज्य सम्बन्धी प्राइभेट फर्म दर्ता गरेको देखिन आएमा ।
- विभागले फर्म सम्बन्धी विवरण माग गर्दा तोकिएको अवधी भित्र सो विवरण पेश नगरेमा ।
- प्राइभेट फर्मले ऐन नियमको विपरित हुने गरी अन्य कुनै कार्य गरेमा ।

## ९.२. प्राइभेट फर्म खारेजी सम्वन्धी प्रक्रिया

- प्राइभेट फर्म खारेजीको लागि फर्मको प्रोपाइटर सक्कल नागरिकता सहित स्वयम् उपस्थित भई दरखास्त दिनु पर्नेछ । प्रोपाइटर स्वयम् उपस्थित हुन नसक्ने अवस्थामा निजको नजिकको हकवाला प्रोपराइटरको मन्जुरीनामा, नाता प्रमाणपत्र तथा आवश्यक कागजात सहित उपस्थित भएमा प्राइभेट फर्म खारेज गरी दिन सकिनेछ ।
- फर्मको प्रोप्राइटरको मृत्यू भई फर्मको खारेजी गर्नु पर्ने भएमा उक्त फर्म धनीको शेषपछिको नजिकका अंशियारहरुले आपसी मन्जुरीको कागज, सक्कल नागरिकता, नाताप्रमाणपत्र, मृत्युदर्ता प्रमाणपत्र र अन्य आवश्यक काजगपत्र सहित दरखास्त दिएमा कार्यालयमा सम्वन्धित सवैको सनाखत गराई माग वमोजिम फर्म खारेज गरी दिन सकिनेछ । फर्मको खारेजीको लागि दरखास्त दिने अंशियारहरु विच तेरोमेरो भई विवाद देखिएमा राष्ट्रियस्तरको दैनिक पत्रिकामा हकदावी सम्वन्धी ३५ दिने सूचना प्रकाशित गर्न लगाई कानुन वमोजिम आवश्यक कारवाई गरिनेछ ।

- मिति २०६० चैत्र मसान्त भित्र नवीकरण हुन नसकेको प्राइभेट फर्मको धनीले कर तिरेको निस्सा सहित निवेदन दिएमा रु १०० निवेदन दस्तुर लिई उक्त फर्म खारेज गरी दिन सकिनेछ ।

### ९.३. प्राइभेट फर्म खारेजीका लागि आवश्यक कागजातहरु

- खारेजीको लागि तोकिएको ढांचाको निवेदन,
- फर्म दर्ताको सक्कल प्रमाण पत्र,
- स्थायी लेखा नम्वर दर्ताको प्रमाणपत्रको प्रतिलिपि
- अघिल्लो आ.व को कर तिरेको निस्सा

## १०. प्राइभेट फर्मको संशोधन, नामसारी र खारेजी गर्दा लाग्ने दस्तुर

- प्राइभेट फर्मको कारोवार थप गर्दा प्रति निवेदन रु १००।- दस्तुर लाग्नेछ ।
- नामसारी गर्दा पुजी अनुसार नयां दर्तामा लाग्ने सरहको दस्तुर लाग्नेछ ।
- मनिट्रान्सफरको कारोवार थप गर्दा पूँजी अनुसारको दस्तुर पुनः लाग्नेछ । साथै मनिट्रान्सफरमा अन्य कारोवार थप गर्दा पनि नयाँ दर्ता सरह दस्तुर लाग्नेछ ।
- प्रतिलिपि दिदा रु ३००।- दस्तुर लाग्ने छ ।
- कारोवार घटाउदा प्रति निवेदन रु १००।- दस्तुर लाग्ने छ ।
- शाखा थप गर्दा रु १००।- दस्तुर लाग्ने छ ।
- शाखा खारेजी गर्दा रु १००।- दस्तुर लाग्ने छ ।
- फर्मको नाम परिवर्तन गर्दा पुजी अनुसार नयां दर्तामा लाग्ने सरहको दस्तुर लाग्नेछ ।
- फर्म खारेजी गर्दा रु १००।- दस्तुर लाग्ने छ ।
- फर्मको पुँजी परिवर्तन गर्दा हालको पुँजी अनुसार लाग्ने दस्तुरमा साविकको पुँजी अनुसार बुझाएको दस्तुर कट्टा गरी बांकी हुन आउने दस्तुर बुझाउनु पर्नेछ ।
- पुँजी घटाउदा पहिला बुझाएको राजस्व दस्तुर फिर्ता हुने छैन ।

## ११. प्राईभेट फर्म दर्ता/नवीकरण गर्दा लाग्ने दस्तुर तथा जरिवाना

प्राइभेट फर्म दर्ता, नवीकरण गर्दा लाग्ने दस्तुर तथा जरिवना हिसाव गर्दा विभिन्न समयमा भएको प्रावधान बमोजिम लाग्ने दस्तुर तथा जरिवाना निम्न अनसार रहेकोछ :

## २०३९।१।६ देखि २०६०।११।२४ सम्मको दस्तुर

| सि.न | अधिकृत पूजी | दर्ता दस्तुर |
|---|---|---|
| १ | रु २०,००० सम्म | रु ६०।- |
| २ | रु २०,००१ देखि ५०,००० सम्म | रु १२०।- |
| ३ | रु ५०,००१ देखि १,००,००० सम्म | रु ३००।- |
| ४ | रु १,००,००१ देखि ३,००,००० सम्म | रु १,१७०।- |
| ५ | रु ३,००,००१ देखि ५,००,००० सम्म | रु १,९५०।- |
| ६ | रु ५,००,००१ देखि १०,००,००० सम्म | रु ३,९००।- |
| ७ | रु १०,००,००१ देखि ५०,००,००० सम्म | रु ५,८५०।- |
| ८ | रु ५०,००,००१ र सो भन्दा माथी | रु ७,८००।- |
| **सि.न** | **अधिकृत पूजी** | **दर्ता दस्तुर** |
| १ | रु ५०,००० सम्म | रु ३५।- |
| २ | रु ५०,००१ देखि १,००,००० सम्म | रु ५०।- |
| ३ | रु १,००,००१ देखि ३,००,००० सम्म | रु ७०।- |
| ४ | रु ३,००,००१ देखि ५,००,००० सम्म | रु १००।- |
| ६ | रु ५,००,००१ र सो भन्दा माथी | रु १६०।- |

- **नवीकरणको अवधी १ वर्षको लागि मात्र हुने ।**

## २०६०/११/२५ देखि २०६४/१०/२६ सम्मको दस्तुर

| सि.न | अधिकृत पूजी | दर्ता दस्तुर |
|---|---|---|
| १ | रु १,००,००० सम्म | रु ६००।- |
| २ | रु १,००,००१ देखि ३,००,००० सम्म | रु २,०००।- |
| ३ | रु ३,००,००१ देखि ५,००,००० सम्म | रु ४,०००।- |
| ४ | रु ५,००,००१ देखि १०,००,००० सम्म | रु ७,५००।- |
| ५ | रु १०,००,००१ देखि ५०,००,००० सम्म | रु १०,०००।- |
| ६ | रु ५०,००,००१ र सो भन्दा माथी | रु १५,०००।- |
| **सि.न** | **अधिकृत पूजी** | **नवीकरण दस्तुर** |
| १ | रु १,००,००० सम्म | रु १००।- |
| २ | रु १,००,००१ देखि ३,००,००० सम्म | रु १२५।- |
| ३ | रु ३,००,००१ देखि ५,००,००० सम्म | रु १५०।- |
| ४ | रु ५,००,००१ देखि १०,००,००० सम्म | रु २००।- |
| ५ | रु १०,००,००१ देखि ५०,००,००० सम्म | रु २५०।- |
| ६ | रु ५०,००,००१ र सो भन्दा माथी | रु ३००।- |

- *माथि लाग्ने दस्तुरमा प्रत्येक नवीकरण अवधीको तेव्वर दस्तुर र तोकिए बमोजिमको जरिवाना रकम लिई नवीकरण गर्ने ।*
- *नवीकरणको अवधी १ वर्षको लागि मात्र हुने*

## २०६४/१०/२७ देखि २०७०/३/३१ सम्मको दस्तुर

| सि.न | अधिकृत पूजी | दर्ता दस्तुर |
|---|---|---|
| १ | रु १,००,००० सम्म | रु ६००।- |

| | | |
|---|---|---|
| २ | रु १,००,००१ देखि ३,००,००० सम्म | रु २,०००।- |
| ३ | रु ३,००,००१ देखि ५,००,००० सम्म | रु ४,०००।- |
| ४ | रु ५,००,००१ देखि १०,००,००० सम्म | रु ७,५००।- |
| ५ | रु १०,००,००१ देखि ५०,००,००० सम्म | रु १०,०००।- |
| ६ | रु ५०,००,००१ र सो भन्दा माथी | रु १५,०००।- |
| **सि.न** | **अधिकृत पूजी** | **नवीकरण दस्तुर** |
| १ | रु १,००,००० सम्म | रु ३००।- |
| २ | रु १,००,००१ देखि ३,००,००० सम्म | रु ५००।- |
| ३ | रु ३,००,००१ देखि ५,००,००० सम्म | रु ८००।- |
| ४ | रु ५,००,००१ देखि १०,००,००० सम्म | रु १,२००।- |
| ५ | रु १०,००,००१ देखि ५०,००,००० सम्म | रु १,७००।- |
| ६ | रु ५०,००,००१ र सो भन्दा माथी | रु २,३००।- |

- *माथि लाग्ने दर्ता दस्तुरमा रु १००। निवेदन दस्तुर लाग्ने ।*
- *माथि लाग्ने दस्तुरमा प्रत्येक नवीकरण अवधीको तेव्वर दस्तुर र तोकिए बमोजिमको जरिवाना रकम लिई नवीकरण गर्ने ।*
- *नवीकरण अवधी ३ वर्षको लागि हुने ।*

## २०७०।४।१ देखि लागू भएको दस्तुर

| सि.न | अधिकृत पूजी | दर्ता दस्तुर |
|---|---|---|
| १ | रु १,००,००० सम्म | रु १,०००।- |
| २ | रु १,००,००१ देखि रु ३,००,००० सम्म | रु ३,०००।- |
| ३ | रु ३,००,००१ देखि रु ५,००,००० सम्म | रु ६,०००।- |
| ४ | रु ५,००,००१ देखि रु २०,००,००० सम्म | रु १२,०००।- |
| ५ | रु २०,००,००१ देखि रु १,००,००,००० सम्म | रु २०,०००।- |
| ६ | रु १,००,००,००१ देखि रु ५,००,००,००० सम्म | रु ३०,०००।- |
| ७ | रु ५,००,००,००१ र सो भन्दा माथी | रु ५०,०००।- |
| **सि.न** | **अधिकृत पूजी** | **नवीकरण दस्तुर** |
| १ | रु १,००,००० सम्म | रु ६००।- |
| २ | रु १,००,००१ देखि रु ३,००,००० सम्म | रु १,०००।- |
| ३ | रु ३,०००0१ देखि रु ५,००,००० सम्म | रु १,६००।- |
| ४ | रु ५,००,००१ देखि रु २०,००,००० सम्म | रु ३,०००।- |
| ५ | रु २०,००,००१ देखि रु १,००,००,००० सम्म | रु ५,०००।- |
| ६ | रु १,००,००,००१ देखि रु ५,००,००,००० सम्म | रु ८,०००।- |
| ७ | रु ५,००,००,००१ र सो भन्दा माथी | रु १५,०००।- |

- *माथीको उल्लेखित प्रत्येक नवीकरण अवधीको भिन्न भिन्न हिसाव गरी लाग्ने दस्तुरमा तेव्वर गरी लिइने ।*
- *जरिवानाको हिसाव गर्दा २० लाख सम्मको पूजीमा प्रति बर्षको रु २,५००। र सो भन्दा बढीमा प्रति बर्ष ५,००० का दरले थप गरी नवीकरण गर्ने ।*
- *प्रत्येक २ वर्षको लागि नवीकरण हुने ।*

## १२. प्राईभेट फर्मको वर्गीकरण र न्यूनतम पूँजीको सिमा

प्रोपाइटरले प्राईभेट फर्म दर्ता गर्दा नै व्यवसायको उद्देश्य खुलाउनु पर्ने हुन्छ । यसरी खुलाइएको उद्देश्यहरुलाई मुलतः ३ भागमा सिमित गरी दर्ता तथा पूँजिको मापदण्ड तयार गरिएको छ । निम्न मापदण्ड बमोजिम प्राइभेट फर्म दर्ता गर्न सकिनेछ ।

### १२.१. आयात निर्यातको उद्देश्य राखी दर्ता हुने फर्मको हकमा न्यूनतम पूँजी

| सि. न | कारोवारको प्रकृति | समुन्द्रपार | | | भारत | | |
|---|---|---|---|---|---|---|---|
| | | आयात निर्यात | आयात | निर्यात | आयात निर्यात | आयात | निर्यात |
| १ | हेभि मेसिनरी, हेभि इक्वीप्मेन्ट, मोटर, मोटर साइकल, सुरक्षाका समान, टान्फर्मर, जेनेरेटर | ४० लाख | ३० लाख | १० लाख | ३० लाख | २० लाख | १० लाख |
| २ | मोटर पार्टस, टायर टयूव, हार्डवयर, मेसिनरी औजार, सर्जीकल समान, हस्पीटल एवं क्लिनिकल उपकरण, इलेक्टोनिक्स, पेयपदार्थ फिजिकल फिट्नेसका समान, | २० लाख | १५ लाख | ५ लाख | १५ लाख | १० लाख | ५ लाख |
| ३ | स्टेशनरी, किताव, कस्मेटिक, थान कपडा, रेडिमेड, माछा, जुत्ता चप्पल, इलेक्टीकल समान, छालाका सामान, खाद्यान्न, प्लास्टीकको समान, भाडाबर्तन, छपाई समाग्री, तेल घीउ, डेरी प्रोडक्टस, चौपाया, मासु, नक्कली गरगहना, फर्निचर, औषधी, कार्पेट, जडिबुटि, पस्मिना, हस्तकला, फलफूल | १५ लाख | १० लाख | ५ लाख | १५ लाख | १० लाख | ५ लाख |
| ४ | अन्य प्रकृतिका व्यवसाय | १० लाख | ५ लाख | ५ लाख | १० लाख | ५ लाख | ५ लाख |

## १२.२. स्थानीय खुद्रा व्यापारको उद्देश्य राखी दर्ता हुने फर्मको हकमा न्यूनतम पुंजी

| समूह नं | व्यवसायको प्रकृति | काठमाडौ/ तराई जिल्ला | | पहाडी/ हिमाली जिल्ला | |
|---|---|---|---|---|---|
| | | जिल्ला सदरमुकाम /न.पा | सदरमुकाम बाहिर गा.वि.स | जिल्ला सदरमुकाम /न.पा | सदरमुकाम बाहिर गा.वि.स |
| १ | पेट्रोल डिजेल पम्प, हेभि मेसिनरी इक्वीप्मेन्ट, मुख्य मोटर पार्टस, टायर टयूव, मोटरगाडी, मोटर साइकल, टान्सफर्मर | ३० लाख | २५ लाख | २५ लाख | २० लाख |
| २ | सुन चांदी, बहुमुल्य धातु, पत्थर र तिनका गरगहना, सर्जिकल समान, मेडिकल इक्विपमेन्ट, केमिकल्स, हल्का मेसिनरी औजार, सुरक्षाका समान, जेनेरेटर, हस्पीटल उपकरण, मनि चेन्जर, चिरान काठ | २० लाख | १० लाख | १० लाख | ५ लाख |
| ३ | छालाका समान, फेन्सि समान, फिजिकल फिटनेसका सामान, इलोक्ट्रोनीक्स, मनि ट्रान्सफर, मोटर साइकल पार्टस, मोटरगाडीका सहायक पार्टस्, लुब्रिकेन्स, फर्निचर, फर्निसिंग, रंग रोगन, बस्त्रालय, हार्डवयर (सिमेन्ट, डण्डी समेत) | १० लाख | ५ लाख | ५ लाख | ३ लाख |
| ४ | साइकल र साइकलका टायर टयुव, गिफट्का समान, तयारी पोशाक, भाँडाकुडा, पस्मिना, चाँदीका समान, सुर्तिजन्य बस्तु, छपाई सामाग्री, विदेशी मदिरा, निर्माण सामाग्री (वालुवा, गिट्टी, इटा र माटो), | ५ लाख | ३ लाख | ३ लाख | २ लाख |
| ५ | कृषिजन्य औजार, खाद्यान्न, तरकारी तथा फलफुल, प्लास्टिकका समान, जुत्ता चप्पल, जडिबुटि, हल्का पेय पदार्थ, पानी, हार्डवयर | ३ लाख | १ लाख | १ लाख | १ लाख |

| | | | | | |
|---|---|---|---|---|---|
| | (सिमेन्ट, डण्डी बाहेक), कम्प्युटर, फोटोकपि / प्रिन्टरको पार्टस, एल.पी ग्यास, स्वदेशी मदिरा, कस्मेटिक, खाद्य किराना, स्टेशनरी, दाउरा, भाडाकुडा, जुटका समान, माछा, मासु, बोटविरुवा, मिठाइ,खेलकुदका समान, दुध तथा दग्धजन्य पदार्थ, चौपाया, इलेक्ट्रीकल सामान, मटितेल, औषधी | | | | |

## १२.३. स्थानीय थोक व्यापारको उद्देश्य राखी दर्ता हुने फर्मको हकमा न्यूनतम पूजी

| समूह नं | व्यवसायको प्रकृति | काठमाडौ/ तराई जिल्ला | | पहाडी/ हिमाली जिल्ला | |
|---|---|---|---|---|---|
| | | जिल्ला सदरमुकाम /न.पा | सदरमुकाम बाहिर गा.वि.स | जिल्ला सदरमुकाम /न.पा | सदरमुकाम बाहिर गा.वि.स |
| १ | जुनसुकै सामानको थोक व्यापार | ६० लाख | ४० लाख | ४० लाख | २० लाख |

**नोटः**

**क.** माथी कुनै पनि समूहमा नपरेको फर्मको हकमा आयात निर्यातको उद्देश्य राखी दर्ता हुन आउने फर्मको लागि समूह ४ र स्थानीय खुद्रा व्यापारको उद्देश्य राखी कारोवार गर्ने फर्मको हकमा समूह ५अनुसार पूजी कायम गरी दर्ता गरिनेछ।

**ख**. शाखा खोल्दा प्रत्येक जिल्ला वा स्थानका लागि तोकिएको न्यनूतम पूजी नपुग्ने अवस्थामा कम्तिमा ५०% पूजी थप गर्नुपर्नेछ।

**ग.** एउटै फर्मले १ वा १ भन्दा बढी समूहको कारोवार गर्ने उद्देश्य राखी निवेदन दिएमा माथिल्लो समूहको पूजी कायम गरी दर्ता गरिनेछ।

**घ.** **तराई जिल्लाः** झापा, मोरङ, सुनसरी, सप्तरी, सिराह, धनुषा, महोत्तरी, सप्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रुपन्देही, कपिलबस्त दाङ, बाके, बर्दिया, कैलाली र कन्चनपुर लाई जनाउछ।

ङ उपत्यका जिल्लाः काठमाडौ, ललितपुर र भक्तपुरलाई जनाउछ।

च. पहाडी तथा हिमाली जिल्लाः तराइ र उपत्यकामा नपरेका जिल्लाहरुलाई जनाउछ। तर कास्की जिल्लाको हकमा तराइको जिल्ला सरह पूँजी कायम गरिनेछ।

छ. नयाँ फर्मको हकमा दर्ताका बखत र पुरानोको हकमा नवीकरण, नामसारी, ठाउँसारी, संसोधन लगायत विभाग/कार्यालयवाट दिइने सिफारिस वा सेवाका सिलसिलामा न्यूनतम पूजीको मापदण्ड अनुसारको पूजी कायम गर्नुपर्नेछ।

## १३. प्राईभेट फर्म सम्वन्धी अधिकार प्रत्यायोजनको व्यवस्था

निम्नानुसार क्षेत्राधिकार हुने गरी वाणिज्य कार्यालयहरु, घरेलु तथा साना उद्योग कार्यालयहरु र घरेलु तथा साना उद्योग विकास समितिका कार्यालयहरुलाई प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ को नियम ६ (२) र ७ (२) अनुरुप प्राइभेट फर्म सम्बन्धी अधिकार प्रत्यायोजन गरिएको ।

| सि.नं | दर्ता/नवीकरण गर्ने निकाय | कार्यक्षेत्र/जिल्ला |
|---|---|---|
| (क) | वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग | काठमाडौं उपत्यका (काठमाडौं, ललितपुर र भक्तपुर) |
| (ख) | वाणिज्य कार्यालयहरु | मोरङ्ग, पर्सा, रुपन्देही, बाँके र कैलाली |
| (ग) | घरेलु तथा साना उद्योग कार्यालयहरु | (१) झापा (२) सनुसरी (३) सिराहा (४) सप्तरी (५) महोत्तरी (६) धनुषा (७) सर्लाही (८) काभ्रे (९) मकवानपुर (१०) बारा (११) रौतहट (१२) चितवन (१३) कास्की (१४) नवलपरासी (१५) कपिलवस्तु (१६) पाल्पा (१७) दाङ्ग (१८) बर्दिया (१९) कन्चनपुर |
| (घ) | घरेलु तथा साना उद्योग विकास समितिका कार्यालयहरु | (१) ताप्लेजुङ्ग (२) पाँचथर (३) ईलाम (४) संखुवासभा (५) तेह्रथुम(६) भोजपुर (७) धनकुटा (८) सोलुखुम्वु (९) ओखलढुंगा (१०) खोटाङ्ग (११)उदयपुर(१२)दोलखा (१३)रामेछाप (१४) सिन्धुली (१५)रसुवा (१६) नुवाकोट (१७)सिन्धुपाल्चोक (१८) धादिङ्ग (१९)गोर्खा (२०) स्याग्दी (२१) बाग्लुङ्ग (२२) पर्वत (२३) अर्घाखाँची (२४) गुल्मी (२५) स्याङ्गजा (२६) तनहूँ (२७) मनाङ्ग (२८) मुस्ताङ्ग (२९) लम्जुङ्ग (३०) सल्यान (३१)प्यूठान (३२) रुकुम (३३) रोल्पा (३४) डोल्पा (३५) जाजरकोट (३६) दैलेख (३७) सुर्खेत (३८) जुम्ला (३९) मुगु (४०) कालिकोट (४१) हुम्ला (४२) वाजुरा (४३) वझाङ्ग (४४) अछाम (४५) डोटी (४६) डडेल्धुरा (४७) वैतडी (४८) दार्चुला |

१. पूंजीको सीमा तोकिएकोमा सीमा भन्दा बढी पुंजी भएको फर्म दर्ता वा पूँजी वृद्धिको लागि दरखास्त परेमा सम्वन्धित कार्यालयले आवश्यक कागजातको प्रतिलिपि र सिफारिस वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा स्वीकृतिको लागि पठाउने । विभागको स्वीकृति प्राप्त भएपछि सम्वन्धित कार्यालयले तोकिएको दस्तुर लिई त्यस्तो फर्म दर्ता वा पूँजी वृद्धि गरी प्रमाण पत्र जारी गर्ने ।

२. फर्मको ठाउंसारी, शाखा स्थापना, नवीकरण, नामसारी, खारेजी, संशोधन, अनुगमन, निरीक्षण जस्ता कार्यहरु वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागले तोकेको प्रक्रिया बमोजिम सम्वन्धित जिल्ला स्थित कार्यालयले नै गर्ने ।

## १४. खारेजी

२०७० साल आश्विन ३ गतेको **प्राइभेट फर्म दर्ता मापदण्ड,** २०७० खारेज गरिएको छ ।

## १५.अनुसूचीहरु

# अनुसूची १५.१

## प्राइभेट फर्म रजिष्ट्रेशन गर्ने दरखास्त फारम

श्रीमान् महानिर्देशकज्यू,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
काठमाडौं ।

**विषय :- प्राईभेट फर्म रजिष्ट्रेशन गर्ने वारे ।**

महोदय,

तल लेखिए बमोजिमको व्यापार व्यवसाय गर्न निम्न लिखित नामको प्राईभेट फर्म मेरो नाममा रजिष्ट्रेशन गराउन ईच्छुक भएकोले रजिष्ट्रेशनको लागि आवश्यक भएको कागजातहरु यसै साथ संलग्न गरी रु. १० को टिकट टांसी यो निवेदन पेश गरेको छु । लेखिएको व्यहोरामा कुनै कुरा झुठा ठहरेमा कानून वमोजिम सहुंला बुझाउंला ।

१. फर्मको पूरा नाम (नेपालीमा) :-
२. फर्मको पूरा नाम (अंग्रेजीको ठूलो अक्षरमा):-
३. फर्मको पूरा ठेगानाः जिल्ला..................न.पा./गा.वि.स..............वडान.........
   टोलको नाम.................... ब्लक न.........................फोन नं.......
४. फर्ममा लगाउने पूंजी रु..................अक्षेरुपी......................................)
५. फर्मको उद्देश्य :- स्थानीय व्यापार /......................आयात/निर्यात
६. फर्मको कारोवार गर्ने मुख्य चीज वस्तु विवरण :-............................................
७. प्रोप्राईटरको पूरा नाम :-
   स्थायी ठेगाना :- जिल्ला..............न.पा./गा.वि.स..................वडा न..............
   टोलको नाम................ब्लक न...................फोन नं.......................
   नागरिकता नं.................जिल्लाः............ना.प्र. जारी मिति..............
   ह्ालको ठेगाना :- जिल्ला.........................न.पा./गा.वि.स..........................
   वडा न..............टोलको नाम................................ब्लक न...................
   फोन नं......................................
८. प्रोप्राईटरको तिनपुस्ते नाम तथा ठेगाना :-
   (क) प्रोप्राईटरको बाजेको नाम, ठेगाना :-
   (ख) प्रोप्राईटरको बुबाको नाम, ठेगाना :-
   (ग) प्रोप्राईटरको विवाहित महिला भए पतिको नाम, ठेगाना :-
९. फर्ममा लगाउने पूजीको श्रोतः ..............................................

**निवेदक**
प्रोपराइटरको नामः-
लेखात्मक सही :-
मिति :-

रेखात्मक सहि(रेखा स्पष्ट देखिने गरी)

दायाँ बायाँ

# कबुलियतनामा

लिखितम् ............. को नाती ........................... को छोरा .................. वस्ने वर्ष .................को............................आगे...........................................................को

नामले प्राईभेट फर्म दर्ता गर्न मैले त्यस विभागमा दरखास्त दिएकोमा उक्त फर्म दर्तासम्बन्धमा प्रचलित ऐन कानून र तलका शर्त समेत पालना गरी काम गर्नेछु । सो पालना गर्ने कुरामा कबुलियत समेत गर्न तपाईको मन्जुर छ/छैन भनि वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागबाट सोधनी भएकोमा मेरो चित्त बुझ्यो । यसमा प्रचलित ऐन कानून र तपसीलमा लेखिएका शर्त उलंघन गरेको देखिएमा प्रचलित ऐन कानून वमोजिम सहुंला बुझाउंला भनि मेरो मनोमानी राजी खुशीसंग यो कवुलियतनामाको कागज लेखी नेपाल सरकार, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा चढाएं ।

## तपसील

१. यो .................................. नामको फर्म दता हुनु भन्दा पहिले अरु कसैले यो फर्मको नामसंग मिल्ने गरि फर्म दर्ता गरिसकेको भए सो को सूचना पाउनासाथ तुरुन्तै यो फर्म खारेज गरि अर्को नाम राखी फर्म दर्ता गर्न आउने छु । सूचनामा उल्लेखित म्याद भित्र नआएको कारणले फर्मलाई स्वतः खारेज गरिएमा पछि कुनै दावी गर्नेछैन ।

२. यो फर्मको साइनबोर्ड राख्नु पर्दा ठूलो नेपाली अक्षरबाट लेखी सो को मुनितिर सुविधाको निमित्त सानो अंग्रेजी अक्षरमा लेख्नेछु ।

३ यस फर्ममा विदेशी नागरिकलाई कर्मचारीको रुपमा नियुक्ती गर्नु परेमा आवश्यक स्वीकृति प्राप्त गरेर मात्र गर्नेछु ।

४. यस भन्दा अगाडी मेरो नाउँमा अरु कुनै फर्म दर्ता गरि राखेको छैन । यस भन्दा अगाडी मेरो नाउंमा ............................ ................मा प्रा.फ.द.नं. .................बाट ................. नामको फर्म दर्ता गरी राखेकोमा हाल सो फर्म खारेज भई कानून वमोजिम पुनः अर्को दर्ता गर्न मिल्ने भएबाट यो फर्म दर्ता गर्न ल्याएको छु ।

दस्तखत :-

प्रोप्राईटरको पूरा नाम :-

इति सम्वत २०५ ...... साल .............. महिना ..............गते रोज ...............शुभम

<u>अनुसूची १५.२</u>

# प्राइभेट फर्म नवीकरण गर्ने दरखास्त फाराम

मिति २०...।...।....

श्रीमान् महानिर्देशकज्यू,

वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,

काठमाडौं ।

विषय :- **<u>फर्म नवीकरण गर्ने वारे ।</u>**

उपयुक्त विषयमा त्यस विभागमा दर्ता रहेको ..............................नं. को ........................................................... नाउँको प्रा. फर्म नवीकरण गराउन पर्ने भएकोले नवीकरणको लागि आवश्यक हुने निम्न कागजातहरु यसै साथ संलग्न गरी यो निवेदन पेश गरेको छु, । कृपया नियमानुसार उक्त फर्म नवीकरण गरिदिनु हुन अनुरोध गर्दछु ।

निवेदक,

दस्तखत :

नाम :

ठेगाना :

फर्मको छाप :

<u>संलग्न कागजातहरु</u>

१. सक्कल प्रमाणपत्र

२. आयकर दर्ता प्रमाण पत्रको प्रतिलिपि

३. कर तिरेको निस्सा

४. लेखा परीक्षण प्रतिवेदन

५. अन्य (भएमा उल्लेख गर्ने)

## अनुसूची १५.३

# प्राइभेट फर्म खारेजीको लागि दिने निवेदन

श्रीमान् महानिर्देशकज्यू,
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग,
काठमाडौं ।

**विषय :- फर्म खारेजी सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा मेरो नाममा वाणिज्य विभागमा दर्ता भएको प्रा.फ. नं. ................................को नामको प्राईभेट फर्म...................................... .............................................. कारणले खारेज गरी पाउन रु. ५ को टिकट टांसी यो निवेदन दिएको छु । उक्त फर्मको नामबाट नेपाल सरकार र अन्यकुनै निकायमा कुनै राजस्व र अन्य रकम वुभ्फाउन बांकी छैन । कुनै किसिमको रकम वा राजश्व वुभाउन बांकी देखिएमा पछि कुनै उजुर बाजुर नगरी सम्बन्धित निकायमा बुभ्फाउन मेरो मन्जुरी छ । नियमानुसार लाग्ने दस्तुर लिई उक्त फर्म खारेज गरी पाउन श्रीमान् समक्ष अनुरोध गर्दछु ।

संलग्न कागजातहरु

१. सक्कल प्रमाणपत्र
२. आयकर दर्ता प्रमाण पत्रको प्रतिलिपि
३. कर तिरेको निस्सा
४. लेखा परीक्षण प्रतिवेदन
५. अन्य (भएमा उल्लेख गर्ने)

निवेदक,
दस्तखत :
नाम :
ठेगाना :

फर्मको छाप :

दायाँ बायाँ

# अनुसूची १५.४

नेपाल सरकार

वाणिज्य तथा आपूर्ति मन्त्रालय

## वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग

प्रा.फ.र.नं.

## प्राईभेट फर्म दर्ताको प्रमाण-पत्र

निम्न लिखित विवरण भएको ................................... फर्मलाई सम्वत २०........... साल ................ महिना ................गते ...............रोजमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम रजिष्टर गरी यो प्रमाण-पत्र दिइएको छ ।

### विवरण

प्रोप्राइटरको नाम, थर, वतन ........................................................................

हालको ठेगाना.........................................................

प्रोप्राइटरको नागरिकता नं...................................

फर्मको ठेगाना ..........................................

पूंजी रु. ...........................................

फर्मको उद्देश्य.....................................................

फर्मको शाखा..........................................................

.............................

नि. महानिर्देशक

**नोट** :-

१.यो प्रमाणपत्रको म्याद फर्म रजिष्टर गरएिको मितिले ५ (पाँच) वर्षसम्म र त्यसपछि प्रत्येक पटक नवीकरण भए मुताविक वहाल रहने हुनाले अवधी समाप्त भएको मितिले ३५ दिन भित्र अनिवार्य रुपमा नविकण गराईसक्नु पर्नेछ । नवीकरण भएको अवधी सम्बन्धी विवरण प्रमाणपत्रको पछाडी उल्लेख छ ।

२. यो फर्मले कारोवार गर्ने मुख्य चिज वस्तुको विवरण विभागले दर्ताका बखत प्रमाणपत्रसँगै दिने छुट्टै पत्रमा उल्लेख छ ।

३. यस फर्मको उद्देश्य कार्यान्वयनका लागि अनुमति लिनुपर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेपछि मात्र कार्य गर्नुपर्नेछ । यसै दर्तालाई नै उद्देश्य कार्यान्वयन गर्ने अनुमति प्राप्त गरेको मानिने छैन ।

४. सम्पत्ती शुद्धिकरण ऐन तथा अपराधिक कार्यमा लगानी नियन्त्रण सम्बन्धि कानुन वा सो अन्तर्गत बनेका नियम, निर्देशन, आदेश वा सम्बन्धित निकायको नियमन, निर्देशन र सुपरिवेक्षण पालना गर्नुपर्नेछ ।